# चम्पादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
कालिका, ओखलढुंगा
स्था : २०७३
प्रदेश नं. १, नेपाल

प.स :- ०७६/०७७
च.नं:- २०६

श्री वडा कार्यालय सबै ,
चम्पादेवी गाउँपालिका, कालिका, ओखलढुंगा ।

मिति :-२०७६/०७/०७

**विषय : नमुना हस्ताक्षर उपलव्ध गराइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कन्सुलर विभागको च.नं. ADM ७६२०६२०, मिति २०७६/०६/२७ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३४, मिति २०७६/०७/०५ को पत्रानुसार स्थानीय तह तथा वडाहरुवाट जारी हुने कागजातमा हस्ताक्षर गर्ने अधिकारीको नमुना हस्ताक्षर (सम्भव भएसम्म डिजिटल प्रति समेत) कन्सुलर विभागलाई उक्त कागजातहरु तहाँ विभागमा प्रमाणिकरणको लागि पेश हुँदा आधिकारीकता परिक्षणको लागि आवश्यक भएको भनी माग भएकोले त्यस वडा कार्यालयहरुवाट कन्सुलर विभागमा प्रमाणितकरणको लागि पेश हुने कागजातहरुमा हस्ताक्षर हुने अधिकारीको दस्तखत नमुना कन्सुलर विभागमा पठाइदिने व्यवस्था गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

(नमुना हस्ताक्षरको डिजिटल प्रति विभागको इमेल ठेगाना (attestation@mofa.gov.np) मा प्रेसित गर्नु हुन )

.............................
तुलसीराम भगत
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम भगत
प्रमुख प्रशासकीय अधिकृत

visit nepal 2020 Lifetime Experiences

सं.मामिला मं.

नेपाल सरकार

परराष्ट्र मन्त्रालय

# कन्सुलर सेवा विभाग

सूचना तथा प्रविधि शाखा

दर्ता नं. २०७६।६१४

मिति ११/५

च. नं. ADM७६२९०६२०

मिति:२०७६/०६/२१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

**विषयः नमूना हस्ताक्षर उपलब्ध गराईदिने सम्बन्धमा ।**

यस विभागमा नेपाल सरकारको विभिन्न स्थानीय निकायहरुबाट जारी भएको कागजात प्रमाणिकरण (attestation) का लागि सेवाग्राहीहरु आउनुहुने र कतिपय अवस्थमा यसरी प्राप्त भएका कागजातहरु फर्जी समेत हुने भएकोले ती निकायहरुबाट जारी भएको कागजातहरुको आधिकारिकताका सम्बन्धमा स्पष्ट हुनकालागि उक्त कागजातहरु जारी गर्ने अधिकारीहरुको हस्ताक्षरको नमूना अति आवश्यक हुने व्यहोरा अनुरोध छ । अतः तहाँ मन्त्रालय मार्फत नेपाल सरकारको प्रत्येक स्थानीय निकायको कागजात जारी/प्रमाणिकरण गर्ने अधिकारीको नमूना हस्ताक्षर (सम्भव भएसम्म डिजिटल प्रति समेत) यस विभागलाई यथाशीघ्र उपलब्ध गराईदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

(नमूना हस्ताक्षरको डिजिटल प्रति यस विभागको इमेल ठेगाना attestation@mofa.gov.np मा प्रेषित गरिदिनुहुन अनुरोध छ ।)

सुजनी राना

शाखा अधिकृत

प्रस्तुत पत्र स्थानीय तह समन्वय शाखालाई सम्बन्धित देखिंदा

फोन नं. ४२६०१०८,४२६०१२१ फ्याक्स ००९७७-१-४२६०११४